# सिद्धलेक गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ
बागमति प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८०/०८१
चलानी नं.

सिद्धलेक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङचुङ, धादिङ बागमती प्रदेश, नेपाल

## पशु सेवा शाखाको कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना
## सूचना प्रकाशित मितिः २०८०/११/०१ गते।

यस सिद्धलेक गाउँपालिकाको चालु आ.व.२०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत नेपाल सरकारको सशर्त अनुदानमा मासु प्रवर्द्धन कार्यक्रम (बाखा/भेडा/बंगुर/पाडा) प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तीय हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कर्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८० अनुसार संचालन गरिने भएको हुदा तपशिलको मापदण्ड पुरा भएका नव प्रविधिको प्रयोग गरेका उत्प्रेरक तथा अगुवा ईच्छुक पशुपन्छी फर्म/कृषक समुह/सहकारीले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आवश्यक कागजातहरु संलग्न गरी गाउँपालिकाको कार्यालय बुङ्चुङमा सुचिकृतका लागि निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| क्र.सं. | विवरण | मापदण्ड | कैफियत |
|---|---|---|---|
| १ | न्युनतम पशु संख्या | बाखाको हकमा- माउ १५ बोका १ गरि कुल ३०<br>भेडाको हकमा- माउ १० बोका १ गरि कुल ३०<br>बंगुरको हकमा- माउ ५ भाले १ गरि कुल १५<br>पाडाको हकमा- ५ | |
| २ | पशुको बिमा | कुल पशु मध्य कम्तिमा ८०% पशुको बिमा हुनुपर्ने | |
| ३ | खोर/गोठको अवस्था | दाना पानिको उचित व्यवस्थापन, घाम पानिबाट सुरक्षा र जैविक सुरक्षाको अवलम्बन गरेको | |
| ४ | व्यवसायीकता र प्रविधिको प्रयोग | यन्त्र उपकरणको प्रयोग, नियमित खोप र अभिलेख व्यवस्थापन गरेको | |

आवश्यक कागजाहरु

१. निवेदन तथा सम्वन्धित व्यक्तिको नागरिकताको प्रतिलिपि
२. निजि फर्म/समुह/सहकारीको हकमा दर्ता, नविकरण, PAN दर्ता र करचुक्ता प्रमाणपत्र प्रतिलिपि
४. कृषक समुह/सहकारीको हकमा कार्यक्रममा सहभागी हुने र अख्तियारी दिने निर्णयको प्रतिलिपी
५. पशुको बिमा संग सम्बन्धित कागजपत्र
६. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र

नोटः सुचिकृत मध्यबाट छनोट भएका आवेदकलाई कार्यक्रम कार्यान्वयन कार्यदलले तोके बमोजिम अनुदान उपलब्ध गराईनेछ।

२०८०/११/०१
डा. ... पशु चिकित्सक (आठौं तह)

बोधार्थ
श्री वडा कार्यालय सबै- सुचना टाँस गरिदिनु हुन।

"आर्थिक सम्बृद्धि विकासको लागि पूर्वाधार - सिद्धलेक गाउँपालिकाको मूल आधार"

Scanned with CamScanner